# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १०) राप्ती उपत्यका (देउखुरी), नेपाल, साउन १५ गते, २०८३ साल (संख्या ०२

## भाग २

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## लुम्बिनी प्रदेशको

### <u>सूचना</u>

प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०८३।०४।१३ मा स्वीकृत भएको **प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८३** सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

# प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८३

नेपालको संविधानको धारा १७४ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यी नियमहरूको नाम **प्रदेश सरकार (कार्यविभाजन) नियमावली,** २०८३ रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "प्रदेश" भन्नाले लुम्बिनी प्रदेश सम्झनुपर्छ ।

(ख) "प्रदेश सरकार" भन्नाले लुम्बिनी प्रदेशको मन्त्रिपरिषद्लाई सम्झनुपर्छ।

(ग) "मन्त्रालय" भन्नाले प्रदेश सरकारका मन्त्रालय सम्झनुपर्छ र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत जनाउँछ।

(घ) "मन्त्री" भन्नाले मुख्यमन्त्री तथा मन्त्रीलाई सम्झनुपर्छ र सो शब्दले स्वतन्त्ररुपमा मन्त्रालयको कार्यभार सम्हाल्ने राज्यमन्त्रीलाई समेत जनाउँछ।

३. <u>मन्त्रालय र कार्यसम्पादनः</u> प्रदेशमा अनसूची-१ मा उल्लेख भए बमोजिम मन्त्रालय रहनेछन् र प्रदेश सरकारको कार्यसम्पादन सोही मन्त्रालयहरुबाट हुनेछ।

४. <u>कार्यविभाजनः</u> (१) मन्त्रालयबाट सम्पादन हुने कार्यको विभाजन अनुसूची -२ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) मुख्यमन्त्रीले कुनै मन्त्रीलाई एक भन्दा बढी मन्त्रालयको कार्यभार सुम्पन सक्नेछ।

(३) मुख्यमन्त्रीले कुनै मन्त्रालयलाई तोकिएको काम मध्ये केही काम आफैले वा सम्बन्धित मन्त्रीको सिफारिसमा अर्को कुनै मन्त्रीले हेर्ने गरी तोक्न सक्नेछ।

तर सम्बन्धित मन्त्री प्रदेश बाहिर जानुपरेको अवस्थामा निजको काम मुख्यमन्त्री आफैले हेर्ने गरी वा कुनै मन्त्रीलाई तोक्न त्यस्तो सिफारिस आवश्यक पर्नेछैन।

५. <u>मन्त्रीको जिम्मेवारीः</u> नियम ४ बमोजिम मन्त्रालयलाई तोकिएको कार्यहरु सम्पादन गर्ने वा गराउने र कार्यसम्पादन भए नभएको विषयमा उत्तरदायित्व वहन गर्ने जिम्मेवारी सम्बन्धित मन्त्रीको हुनेछ।

६. <u>अनुसूचीमा हेरफेरः</u> प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूची-२ मा उल्लेख भएको मन्त्रालयको कार्य जिम्मेवारीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

७. <u>खारेजी र बचाउः</u> (१) लुम्बिनी प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ खारेज गरिएको छ।

(२) उपनियम (१) बमोजिम भए गरेका काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची-१
### ( नियम ३ सँग सम्बन्धित )
### प्रदेशमा रहने मन्त्रालयहरु

| सि.नं | मन्त्रालयको नाम |
|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २ | आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय |
| ३ | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ४ | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय |
| ५ | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| ६ | वन, वातावरण तथा पर्यटन मन्त्रालय |
| ७ | शहरी विकास, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय |
| ८ | सामाजिक विकास मन्त्रालय |
| ९ | स्वास्थ्य मन्त्रालय |

# अनुसूची-२

## ( नियम ४ सँग सम्बन्धित )

## मन्त्रालयको कार्य विभाजन

| १. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
|---|---|
| १ | प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालय सम्बन्धी |
| २ | प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन |
| ३ | प्रदेश सरकारको कार्यविभाजन नियमावली तर्जुमा तथा कार्यसञ्चालन |
| ४ | प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन |
| ५ | प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन |
| ६ | प्रदेश मन्त्रालयहरुको कार्यको समन्वय, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र नियन्त्रण |
| ७ | प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन |
| ८ | प्रदेश मन्त्रिपरिषद्बाट स्वीकृत नियम र आदेशको प्रमाणीकरण |
| ९ | प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवं प्रशासनिक गतिविधिहरूको अद्यावधिक जानकारी र सम्बोधन |
| १० | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदार सङ्घ संस्थासँग समन्वय र सहकार्य |
| ११ | मानव अधिकारको संरक्षण र प्रबर्धन |
| १२ | नेपालको संविधान बमोजिम स्थानीय तहका सम्बन्धमा बनाउनु पर्ने प्रदेश कानुनको तर्जुमा |
| १३ | नेपालको संविधान बमोजिम बनाउनु पर्ने प्रदेश कानुनको तर्जुमा |

| | |
|---|---|
| १४ | प्रदेशस्तरका आयोग तथा निकायहरुको गठन एवं सञ्चालन र पदाधिकारीहरुको नियुक्ति एवं सेवा, सुविधा सम्बन्धी कानुनको तर्जुमा |
| १५ | प्रदेश निजामती सेवा र प्रदेश अन्य सरकारी सेवा सञ्चालन सम्बन्धी कानुन तर्जुमा |
| १६ | गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्था सम्बन्धी कानुन तर्जुमा |
| १७ | सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार |
| १८ | संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य सङ्घीय तथा प्रादेशिक आयोगसँगको सम्पर्क र समन्वय |
| १९ | सङ्घीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीयस्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन |
| २० | प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन |
| २१ | अन्तरप्रदेश परिषद् र सङ्घ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्बन्ध |
| २२ | प्रदेशस्तरका आयोग तथा निकायहरूको गठन एवं सञ्चालन र पदाधिकारीहरुको नियुक्ति एवं सेवा, सुविधा |
| २३ | निर्वाचन कार्यमा सहयोग र समन्वय |
| २४ | प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन |
| २५ | प्रदेश निजामती सेवा, स्थानीय निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा एवं कार्यान्वयन, मुख्य निकायको रूपमा कार्य सञ्चालन प्रदेश स्तरको किताबखाना र अभिलेख व्यवस्थापन |
| २६ | प्रदेशस्तरका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण |

| | |
|---|---|
| २७ | प्रदेशस्तरीय तालिम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क एवं समन्वय |
| २८ | प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण |
| २९ | स्थानीय तहको कानुन निर्माण तथा न्यायिक समितिको काममा समन्वय र सुदृढीकरण |
| ३० | प्रदेशको अधिकारक्षेत्र भित्र परी अन्य कुनै मन्त्रालयको कार्य विवरणमा नपरेको विषय |
| ३१ | तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, मापदण्ड एवं योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा सङ्घ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य |
| ३२ | प्रदेश प्रशासन सेवा, सामान्य प्रशासन समूह, साविकको विविध सेवा र आर्थिक योजना तथा तथ्याङ्क सेवाको सञ्चालन |

| २. आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय | |
|---|---|
| १ | प्रदेशको शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना सङ्कलन, मूल्याङ्कन र प्रतिवेदन तथा सङ्घीय सरकारसँगको समन्वय र सहकार्य |
| २ | अतिविशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा |
| ३ | सङ्घीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क, सम्बन्ध, सूचना आदान प्रदान र समन्वय |

| | |
|---|---|
| ४ | प्रदेश प्रहरी सञ्चालन, व्यवस्थापन र नियमन |
| ५ | प्रदेशभित्रको अपराध अनुसन्धान, सूचना सङ्कलन, रोकथाम, नियन्त्रण तथा समन्वय |
| ६ | अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना सङ्कलन, विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग |
| ७ | प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, थुनुवा तथा कैदीहरूको अधिकारको संरक्षण र एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण सम्बन्धी |
| ८ | सामुदायिक प्रहरी सम्बन्धी |
| ९ | प्रदेशभित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापन |
| १० | प्रदेशभित्रका गैरसरकारी सङ्घ, संस्थाहरुको अभिलेख र समन्वय |
| ११ | गुनासो र विवाद व्यवस्थापन |
| १२ | सङ्घीय मापदण्ड बमोजिम हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थको नियमन |
| १३ | फौजदारी कार्यविधि कानुनको कार्यान्वयन |
| १४ | निवारक नजरबन्द र स्थान हद सम्बन्धी |
| १५ | स्थानीय प्रशासनको सञ्चालन, व्यवस्थापन र समन्वय |
| १६ | विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र सञ्चालन, स्थानीय विपद् कोषमा सहयोग, तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान, विपद् जोखिम क्षेत्र नक्साङ्कन र बस्ती स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन |

| | |
|---|---|
| १७ | उपाधि, सम्मान तथा विभूषणको सिफारिस |
| १८ | प्रदेशस्तरमा सार्वजनिक बिदा, उत्सव, उर्दी आादिको व्यवस्थापन |
| १९ | नेपालको संविधान बमोजिम प्रदेशको अधिकार अन्तर्गतको कानुन निर्माण |
| २० | प्रदेश मन्त्रिपरिषद्मा पेस हुने नियम र आदेशको तर्जुमा तथा स्वीकृति |
| २१ | प्रदेश सभा मामिला सम्बन्धी |
| २२ | प्रदेश सभामा पेस हुने विधेयक तर्जुमा |
| २३ | प्रदेशस्तरमा दिगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनर्स्थापना सम्बन्धी |
| २४ | अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति |
| २५ | सत्यनिरुपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्ति सम्बन्धी |
| २६ | नागरिक अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रवर्धनमा सहयोग |
| २७ | प्रदेशभित्र न्यायिक र अर्धन्यायिक निकायले गरेका फैसला तथा आदेश कार्यान्वयन |
| २८ | प्रदेशस्तरको विद्युतीय सञ्चार माध्यम सञ्चालन सम्बन्धी नीति र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति र नवीकरण |
| २९ | प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन |
| ३० | प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्धन, सूचना प्रविधि पार्कको निर्माण, सञ्चालन र नियमन |
| ३१ | प्रदेशभित्र टेलिसेन्टर सञ्चालन, व्यवस्थापन र नियमन |

| | |
|---|---|
| ३२ | प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन |
| ३३ | साइबर सुरक्षा अनुगमन |
| ३४ | छापा सञ्चार माध्यमको दर्ता, अनुमति, आचारसंहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, वर्गीकरण, सञ्चालन र नियमन |
| ३५ | प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण |
| ३६ | सूचनाको हक सम्बन्धी प्रादेशिक नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन |
| ३७ | प्रदेश राजपत्रको सम्पादन, प्रकाशन र वितरण |
| ३८ | श्रमजीवी सञ्चारकर्मीहरुको न्यूनतम पारिश्रमिक अनुगमन |
| ३९ | प्रदेश कानुन सङ्ग्रहको अद्यावधिक र प्रकाशन |
| ४० | प्रदेशस्तरीय प्रेस रजिष्ट्रार सम्बन्धी |
| ४१ | केबुल वितरणको अनुमति, नवीकरण र नियमन |
| ४२ | चलचित्र निर्माण, हल सञ्चालन तथा प्रदर्शनको अनुमति र नियमन |
| ४३ | सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तर्जुमा, कार्यान्वयन र नियमन तथा जग्गा विवाद समाधान |
| ४४ | सामाजिक सुरक्षा र संरक्षण सम्बन्धी प्रादेशिक नीति तथा मापदण्डको निर्माण तथा कार्यान्वयन, कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा सङ्घ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य |
| ४५ | श्रमिक एवं श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, मापदण्ड र नियमन |

| | |
|---|---|
| ४६ | श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना |
| ४७ | औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरुपण |
| ४८ | कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन |
| ४९ | व्यापार/ वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवं नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण |
| ५० | प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवर्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन |
| ५१ | ढुवानी/ परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन |
| ५२ | नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता |
| ५३ | व्यापारिक फर्महरूको दर्ता, नवीकरण, खारेजी र नियमन |
| ५४ | खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवं पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत सङ्कलन, अभिलेखाङ्कन, अन्वेषण, उत्खनन, प्रादेशिक प्रयोगशालाको स्थापना तथा सञ्चालन र सङ्घसँग समन्वय |
| ५५ | भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी |
| ५६ | कलकारखाना र औद्योगिकीकरण सम्बन्धी नीति, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| ५७ | उद्योग दर्ता, अनुमति, नवीकरण एवं खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्धन र नियमन |

| | |
|---|---|
| ५८ | प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र विस्तार |
| ५९ | औद्योगिक वस्तुको निर्यात प्रवर्धन |
| ६० | सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| ६१ | उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन |
| ६२ | मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवं नियमन |
| ६३ | सङ्घीय मापदण्ड अनुसार स्ट्याण्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन |
| ६४ | अत्यावश्यक वस्तुहरूको प्रादेशिक माग र आपूर्ति सम्बन्धी सूचना सङ्कलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था, मौज्दातको व्यवस्था र आपूर्तिमा अन्तरप्रादेशिक र स्थानीय तहबिच समन्वय |
| ६५ | लक्षित क्षेत्र र वर्गका लागि वस्तु र सेवामा प्रादेशिक अनुदान र नियमन |
| ६६ | करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, मापदण्ड, कार्यान्वयन र नियमन |
| ६७ | सङ्घसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन |
| ६८ | दामासाहीमा परेका उद्योग, व्यवसायिक कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |

| | |
|---|---|
| ६९ | प्रदेशस्तरमा हानिकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन |
| ७० | प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन |
| ७१ | प्रदेशभित्रका उद्योगहरू र साना, मझौला, घरेलु तथा लघु उद्योगहरू स्थापना र प्रवर्धन सम्बन्धमा नीति, तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| ७२ | औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन |
| ७३ | स्वरोजगारका लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्धन तथा सहायता |
| ७४ | उद्योगमा श्रममूलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग |
| ७५ | प्रदेशस्तरको यातायात सम्बन्धी नीति, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन अनुसन्धान र नियमन |
| ७६ | प्रदेशभित्रको सवारी दर्ता र नवीकरण, सवारी चालक अनुमति र नवीकरण |
| ७७ | प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर र भाडा दर निर्धारण र अनुगमन तथा नियमन |
| ७८ | प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना निर्माण र कार्यान्वयन |
| ७९ | वातावरणमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन |
| ८० | प्रदेश इन्जिनियरिङ्ग सेवा अन्तर्गत मेकानिकल समूह/जनरल मेकानिकल उपसमूह, ईलेक्ट्रोनिक एण्ड टेलिकम्युनिकेशन इन्जिनियरिङ्ग समूह, ईलेक्ट्रिकल इन्जिनियरिङ्ग समूह, माइनिङ्ग इन्जिनियरिङ्ग समूह, केमिकल इन्जिनियरिङ्ग समूहको सञ्चालन |

| ३. आर्थिक मामिला तथा योजना मन्त्रालय | |
|---|---|
| १ | प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन |
| २ | प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँड, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन |
| ३ | प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्यस्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन |
| ४ | सङ्घको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन |
| ५ | प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुलउपर |
| ६ | प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन |
| ७ | राष्ट्रिय तथा अन्तर प्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग |
| ८ | प्रदेश राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा, कार्यान्वयन र नियमन |
| ९ | प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तहलाई दिने अनुदान |
| १० | सङ्घीय नीति अनुरूप सह-वित्तीयकरण |
| ११ | प्रदेश आर्थिक कार्यविधि सम्बन्धी नीति निर्माण, कार्यान्वयन र नियमन |
| १२ | प्रदेशको बजेट विनियोजन, तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन |

| | |
|---|---|
| १३ | प्रदेश सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवं व्यवस्थापन |
| १४ | प्रदेश पूरक अनुमान तथा पेश्की खर्च र प्रदेश आकस्मिक कोष सम्बन्धी |
| १५ | प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन |
| १६ | प्रदेशगत विनियोजन, राजस्व, धरौटी, कार्यसञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परीक्षण |
| १७ | घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना सङ्कलन, बाँडफाँड र उपयोग सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन |
| १८ | सङ्घीय कानुन अनुसार प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी र शुल्क सङ्कलन, नियमन र हस्तान्तरण |
| १९ | राजश्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २० | सङ्घीय सरकारसँगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य |
| २१ | बीमा र बीमा व्यवसायको सञ्चालन, व्यवस्थापन, प्रवर्धन तथा विस्तार र नियमन |
| २२ | प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन |
| २३ | आर्थिक विकासमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँगको समन्वय र सहकार्य |
| २४ | गरिबी निवारण सम्बन्धी प्रादेशिक नीति, मापदण्ड एवं योजनाको तर्जुमा, कार्यान्वयन र नियमन तथा अध्ययन, अनुसन्धान सर्वेक्षण, सूचना सङ्कलन |

| | |
|---|---|
| २५ | प्रदेशको आर्थिक मामिला सम्बन्धी अन्य कार्यहरू |
| २६ | प्रदेश प्रशासन सेवा, लेखा समूहको सञ्चालन |

| ४. कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | |
|---|---|
| १ | कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| २ | कृषि तथा पशुपन्छीजन्य रोग, किरा एवं महामारी नियन्त्रण |
| ३ | कृषि औद्योगिकीकरण र पशुपन्छीजन्य उद्योग व्यवसायको विकास तथा प्रवर्धन |
| ४ | कृषि तथा पशु यान्त्रिकीकरण र उन्नत औजार विकास तथा विस्तार |
| ५ | कृषि तथा पशुरोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन तथा कृषि तथा पशुपन्छी सम्बन्धी अनुसन्धान एवं विकास |
| ६ | कृषि उपज, कृषिजन्य वस्तु, पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामग्री तथा बिउबिजन एवं नश्ल सम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण, स्तरीयकरण, प्रमाणीकरण र नियमन |
| ७ | प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर |
| ८ | खाद्य प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान एवं विकास तथा प्रवर्धन, तथ्याङ्क प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण एवं जैविक प्रविधिको विकास र विस्तार |
| ९ | कृषि मल, बिउ र विषादी आपूर्ति व्यवस्था र नियमन तथा रैथाने बाली वस्तुको संरक्षण र प्रवर्धन |
| १० | कृषि प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तीकरण |

| | |
|---|---|
| ११ | कृषिउपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन |
| १२ | कृषि तथा पशुपन्छी बीमा सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन |
| १३ | कृषि बजार, पूर्वाधार र कृषि फार्म केन्द्रहरुको विकास, विस्तार तथा सञ्चालन |
| १४ | राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन |
| १५ | सामूहिक खेती तथा कृषि करार खेतीको कार्यान्वयन र प्रवर्धन |
| १६ | चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति तर्जुमा, कार्यान्वयन र नियमन |
| १७ | कृषिजन्य र पशुपन्छीजन्य औषधि, विषादी र सूक्ष्म पोषणतत्त्वयुक्त वस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन तथा उत्पादन, उपयोग र बिक्री वितरणको अनुमति, अनुगमन र नियमन |
| १८ | भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू-उपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन |
| १९ | निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन |
| २० | जग्गा दर्ता, रजिष्ट्रेशन, जग्गाधनी प्रमाण पुर्जा, दाखिल खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन |
| २१ | सङ्घीय सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना र अभिलेख तथा प्रदेशभित्रको नापनक्सा र अभिलेखको व्यवस्थापन |
| २२ | नाप नक्साका नियन्त्रण विन्दुहरूको सञ्जाल स्थापना |

| | |
|---|---|
| २३ | क्रमबद्ध कित्ता नापी र भूमि लगत सम्बन्धी मापदण्ड र कार्यान्वयन |
| २४ | गरीब घर परिवार पहिचान, भूमिहीन सुकुम्बासी, दलित, मुक्त कमैया, हलिया, हरवा चरवा आदि वर्गको बसोबास, जीविकोपार्जन र पुनःस्थापना सम्बन्धी प्रादेशिक नीति, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| २५ | सरकारी जग्गा भाडामा दिने सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २६ | सुरक्षित बसोबास र जग्गा एकीकरण सम्बन्धी नीति कार्यान्वयन |
| २७ | गुठी तथा गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी तथा गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन र सङ्घीय तथा स्थानीय तहसँग समन्वय |
| २८ | सहकारी संस्था, सहकारी सङ्घ तथा सहकारी बैङ्क सम्बन्धी प्रादेशिक नीति तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान |
| २९ | सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण र नियमन |
| ३० | सहकारी सम्बन्धमा सङ्घीय, अन्तर प्रादेशिक र स्थानीय तहका सङ्घ संस्थासँग समन्वय र सहकार्य |
| ३१ | सहकारी क्षेत्रको विकास तथा प्रवर्धन, क्षमता अभिवृद्धि र परिचालन |
| ३२ | प्रदेश कृषि सेवा र प्रदेश ईन्जिनियरिङ्ग सेवा, सर्भे समूहको सञ्चालन |

| ५. भौतिक पूर्वाधार विकास मन्त्रालय | |
|---|---|
| १ | प्रदेश लोकमार्ग सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा, निर्माण, कार्यान्वयन र नियमन |
| २ | प्रदेश लोकमार्गको स्तरोन्नति र मर्मत सम्भार तथा सडक सुरक्षा प्रविधिको उपयोग र विकास |
| ३ | प्रदेश लोकमार्ग सम्बन्धी तथ्याङ्क व्यवस्थापन, सडक प्रविधि सम्बन्धी अध्ययन र अनुसन्धान |
| ४ | रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन |
| ५ | प्रदेशमा निर्माण व्यवसाय सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, निर्माण, कार्यान्वयन र नियमन |
| ६ | प्रदेशमा निर्माण सामग्रीको उपलब्धता, व्यवस्थापन र गुणस्तर सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, निर्माण, कार्यान्वयन र नियमन |
| ७ | प्रदेश इन्जनियरिङ्ग सेवा, सिभिल समूहको हाइवे र जनरल उपसमूह सञ्चालन |

| ६. वन, वातावरण तथा पर्यटन मन्त्रालय | |
|---|---|
| १ | प्रदेशस्तरमा वन र वनक्षेत्र सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| २ | वन्यजन्तु र वन पैदावार ओसारपसार सम्बन्धी नियमन र अपराध नियन्त्रण |
| ३ | वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन |
| ४ | प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन |

| | |
|---|---|
| ५ | हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन |
| ६ | जडिबुटी खेती प्रविधि प्रवर्धन, विस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानुन तर्जुमा तथा कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्याङ्क सङ्कलन |
| ७ | वन तथा वातावरण सम्बन्धी विषयमा प्राविधिक सूचना तथा सेवा प्रवाह |
| ८ | वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्बन्धी नीति, समन्वय र सहयोग |
| ९ | प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरियमहरूको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्बन्धी नीति र व्यवस्थापन |
| १० | प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एवं लाभांश बाँडफाँड |
| ११ | प्रदेशस्तरमा जलाधार संरक्षण नीति, प्रविधि विकास, व्यवस्थापन र कार्यान्वयन |
| १२ | प्रदेशभित्र भू-स्खलन नियन्त्रण |
| १३ | प्रदेशस्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन |
| १४ | प्रदेशस्तरमा वातावरण तथा जलवायु सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| १५ | प्रदेशस्तरमा वातावरणीय सूचना प्रणालीको स्थापना |
| १६ | प्रदेशस्तरमा वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार |
| १७ | प्रदेशस्तरमा वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन |
| १८ | प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनि तथा विद्युतीय लगायत प्रदुषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियन्त्रण |

| | |
|---|---|
| १९ | खानेपानी, ध्वनि र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवं गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन |
| २० | प्रदेशस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरित क्षेत्र प्रवर्धन |
| २१ | प्रदेशस्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र संवर्धन |
| २२ | प्रदेशभित्र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि, वातावरणीय सुशासन तथा परीक्षण |
| २३ | भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, वर्गीकरण, संरक्षण र व्यवस्थापन |
| २४ | संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण |
| २५ | प्रदेशमा पर्यापर्यटनको विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन |
| २६ | अन्तरप्रदेशीय नदी उकास तथा सडक किनार वृक्षारोपण व्यवस्थापन |
| २७ | वृक्षारोपणको लागि दिगो तथा गुणस्तरीय बीउ उत्पादन, बीउबगैंचा स्थापना र व्यवस्थापन |
| २८ | प्रदेशभित्र वृक्षारोपण तथा सम्भार सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २९ | प्रदेशभित्र जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन |
| ३० | वन्यजन्तु र चराचुरुङ्गी सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| ३३ | पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाइड, र्‍याफ्टिङ्ग आदिको दर्ता, अनुमति, नवीकरण र नियमन |

| | |
|---|---|
| ३४ | सङ्घीय कानुन बमोजिम क्यासिनो तथा चिट्ठा दर्ता, अनुमति र नियमन सम्बन्धी |
| ३५ | प्रादेशिक पर्यटन विकास सम्बन्धी पूर्वाधारको विकास र निर्माण |
| ३६ | प्रादेशिक पर्यटन विकासको नीति, मापदण्ड र योजना निर्माण |
| ३७ | प्रदेशमा पर्यटन प्रवर्धन |
| ३८ | पर्यटक सुरक्षा व्यवस्थापन |
| ३९ | विश्व सम्पदा सूचीमा परेका स्मारक र पुरातात्त्विक महत्वका स्थल सम्बन्धी |
| ४० | भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्बन्धी प्रादेशिक नीति, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| ४१ | ऐतिहासिक, धार्मिक एवं सांस्कृतिक कला र वास्तु कलात्मक दृष्टिकोणले महत्व बोकेका प्रदेशस्तरका दरबारहरुको संरक्षण, सम्भार, अध्ययन तथा अनुसन्धान र व्यवस्थापन |
| ४२ | प्रदेशस्तरका पुरातात्त्विक महत्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचीन स्मारक, सङ्ग्रहालय, सांस्कृतिक धरोहर संरक्षण, सम्भार तथा पुनर्निर्माण सम्बन्धी नीति, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन एवं अध्ययन, अनुसन्धान तथा उत्खनन |
| ४३ | धर्म, परम्परा र गुठी अन्तर्गत चलिआएका विभिन्न जात्रा, पर्वहरूको सञ्चालन र व्यवस्थापन |
| ४४ | प्रदेशस्तरमा सङ्ग्रहालय सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन एवं प्रदेशस्तरमा सङ्ग्रहालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन |
| ४५ | संस्कृतिको विकास सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन |

| | |
|---|---|
| ४६ | प्रदेश वन सेवा, प्रदेश शिक्षा सेवा अन्तर्गतको पुरातत्व र सङ्ग्रहालय समूह |

| ७. शहरी विकास, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय | |
|---|---|
| १ | प्रदेशस्तरका सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धी नीति, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| २ | प्रदेशभित्रको सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मत सम्भार र आवास तथा भवन सम्बन्धी योजनाहरुको कार्यान्वयन र मार्ग निर्देशन |
| ३ | प्रदेशस्तरमा राष्ट्रिय भवन संहिताको कार्यान्वयन र नियमन तथा प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्धन |
| ४ | प्रादेशिक सहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, संयोजन र पूर्वाधार निर्माण |
| ५ | सुरक्षित बसोवास र जग्गा एकीकरण सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन |
| ६ | बस्ती स्थानान्तरण सम्बन्धी नीति, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| ७ | लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठ नागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन |
| ८ | प्रदेशस्तरको ऊर्जा, विद्युत, सिँचाइ, जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान, नीति, मापदण्ड, गुरुयोजना, योजना तथा आयोजना निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मत सम्भार, समन्वय र नियमन |
| ९ | प्रदेशस्तरमा ऊर्जा, विद्युत तथा सिँचाइ सम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन |

| | |
|---|---|
| १० | ऊर्जा, विद्युत, सिँचाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन |
| ११ | राष्ट्रिय जलस्रोत नीति र सङ्घीय योजना बमोजिम प्रदेश सीमा नदीका जल उपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चालन, सम्भार र व्यवस्थापन |
| १२ | प्रदेशभित्रको जलस्रोत उपयोग तथा नदी संरक्षण सम्बन्धी योजना तथा गुरुयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मुल्याङ्कन |
| १३ | प्रदेशभित्रको जलस्रोत उपयोग हुने आयोजनाहरूको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वयन, अनुगमन र सञ्चालनमा समन्वय |
| १४ | प्रदेशस्तरमा जलउपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन |
| १५ | मौसम र जलमापन सञ्चार सञ्जाल व्यवस्थापन |
| १६ | जलगुण तथा वायूगुण सम्बन्धी प्रयोगशाला व्यवस्थापन |
| १७ | प्रदेशभित्रको नदी संरक्षण सम्बन्धी योजना तथा गुरुयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन |
| १८ | प्रदेशमा निर्माण सामग्रीको उपलब्धता, व्यवस्थापन र गुणस्तर सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, निर्माण, कार्यान्वयन र नियमन |
| १९ | प्रदेशस्तरको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी प्रादेशिक नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, सेवाको शुल्क निर्धारण, योजना, आयोजना कार्यान्वयन तथा सञ्चालन, सम्भार र नियमन |
| २० | खानेपानी तथा सरसफाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २१ | सर्वसाधारणलाइ स्वच्छ खानेपानीको उपलब्धता र खानेपानी, सरसफाइ तथा स्वच्छतामा पिछडिएका वर्गको पहुँच सुनिश्चितता |

| | |
|---|---|
| २२ | प्रदेश इन्जनियरिङ्ग सेवा अन्तर्गत एगृ इरिगेशन समूह, मेकानिकल समूह/नि.उ.स. उपसमूह, जियोलोजी समूह, सिभिल समूह सञ्चालन (हाइवे र जनरल उपसमूह बाहेक) |

| ८. सामाजिक विकास मन्त्रालय | |
|---|---|
| १ | प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २ | शैक्षिक परामर्श सेवा सम्बन्धी |
| ३ | प्रदेशस्तरमा पुस्तकालय, अभिलेखालय सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| ४ | प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यावसायिक तालिम र छात्रवृत्ति सम्बन्धी नीति तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्य सामग्री निर्माण, उत्पादन र वितरण |
| ५ | प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन |
| ६ | प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन |
| ७ | माध्यमिक तहको परीक्षा व्यवस्थापन |
| ८ | प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन |
| ९ | प्रदेशस्तरमा विज्ञान प्रविधिको विकास तथा विस्तार, सो सम्बन्धी तथ्याङ्क सङ्कलन, प्रशोधन र सर्वेक्षण तथा जनशक्ति विकास र उपयोग |

| | |
|---|---|
| १० | वैज्ञानिक अध्ययन अनुसन्धान एवं विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकास एवं नवप्रवर्तनात्मक वैज्ञानिक कार्य र युवा वैज्ञानिक जनशक्ति प्रोत्साहन |
| ११ | विज्ञान सङ्ग्रहालय र प्लानेटोरियमको स्थापना, सञ्चालन र व्यवस्थापन |
| १२ | पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, टुहुरा, धर्मपुत्र, धर्मपुत्री, उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी नीति, कानुन र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| १३ | महिला अधिकार सम्बन्धी प्रादेशिक नीति, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| १४ | लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापना |
| १५ | महिला सशक्तिकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन, अनुसन्धान, लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक परीक्षण |
| १६ | महिला, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाती, मधेशी, थारु, मुस्लिम, पिछडा वर्ग किसान, श्रमिक, अल्पसङ्ख्यक, सीमान्तकृत, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति र बालबालिकाको अधिकार संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानुन,मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन, अनुगमन तथा नियमन |
| १७ | प्रदेशस्तरमा महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र बालबालिकाको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन |
| १८ | स्वयंसेवक परिचालन सम्बन्धी कार्य |

| | |
|---|---|
| १९ | युवा सम्बन्धी प्रादेशिक नीति तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| २० | खेलकुद सम्बन्धी प्रादेशिक नीति तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकुद तथा खेलकुद पूर्वाधारको विकास र प्रवर्धन |
| २१ | खेलकूद प्रशासन र सङ्घ संस्थाको समन्वय र नियमन |
| २२ | प्रादेशिक तथा राष्ट्रिय खेलकुद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागिता |
| २३ | प्रदेश शिक्षा सेवाको सञ्चालन (पुरातत्व र सङ्ग्रहालय समूह बाहेक) |

| ९. स्वास्थ्य मन्त्रालय | |
|---|---|
| १ | स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| २ | प्रदेशस्तरमा आवश्यक पर्ने प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन |
| ३ | स्वास्थ्य सेवा सम्बन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यावसायिक र पेशागत सङ्घ संस्थाको दर्ता, सञ्चालन अनुमति र नियमन |
| ४ | प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन |
| ५ | राष्ट्रिय मापदण्ड बमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको उत्पादन तथा सञ्चय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम बिसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगको सञ्चालन अनुमति र नियमन |

| | |
|---|---|
| ६ | राष्ट्रिय मापदण्ड अनुरूप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको सञ्चालन अनुमति र नियमन |
| ७ | राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य बीमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन |
| ८ | प्रदेशस्तरीय स्वास्थ्य क्षेत्रको मानवस्रोत विकास र व्यवस्थापन |
| ९ | औषधी निगरानी, औषधिको उचित प्रयोग र सुक्ष्म जीव निरोधक प्रतिरोध (Antimicrobial Resistance) न्यूनीकरण |
| १० | खोप र परिवार नियोजन |
| ११ | संवेदनशील औषधी तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन |
| १२ | प्रदेशस्तरमा स्वास्थ्य सेवा सम्बन्धी अध्ययन, अनुसन्धान तथा सूचना प्रणाली, स्वास्थ्य लेखा पद्धतिको संस्थागत व्यवस्थापन, सूचना प्रवाह |
| १३ | प्रदेशस्तरीय जनस्वास्थ्य निगरानी व्यवस्थापन |
| १४ | सूर्ति, मदिरा र लागुपदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण तथा नियमन |
| १५ | स्वास्थ्य क्षेत्रमा आपतकालीन अवस्था, विपद् र महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवा प्रवाह, आपतकालीन अवस्थाका लागि औषधि तथा औषधिजन्य सामग्रीको प्रादेशिक बफर स्टक व्यवस्थापन |
| १६ | सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम |
| १७ | राष्ट्रिय मापदण्ड अनुरूप स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन |
| १८ | स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन |

| | |
|---|---|
| १९ | आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्बन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन |
| २० | जनसङ्ख्या, बसाईँसराइ र परिवार नियोजन सम्बन्धी प्रादेशिक नीति तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन क्षमता अभिवृद्धि र राष्ट्रिय संस्थाहरूसँगको सम्पर्क र समन्वय |
| २१ | प्रदेश स्वास्थ्य सेवा सञ्चालन |

.............................

**आज्ञाले,**

**शम्भु प्रसाद मरासिनी**

**प्रदेश सचिव**

आन्तरिक मामिला तथा कानुन मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (दिउखुरी), नेपालमा मुद्रित।

मूल्य रु. २५।-